# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) धनगढी, नेपाल, असार १६ गते, २०८१ साल (अतिरिक्ताङ्क २

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

**सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) (दोस्रो संशोधन) नियमावली, २०८१**



सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश मन्त्रिपरिषद्ले प्रदेश सरकारको कार्य विभाजनका लागि देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) (दोस्रो संशोधन) नियमावली, २०८१ रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ (यसपछि मूल नियमावली भनिएको) को अनुसूची-१ मा संशोधनः मूल नियमावलीको अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छः-

अनुसूची-१

(नियम ३ सँग सम्बन्धित)

प्रदेशमा रहने मन्त्रालयहरू

क्र.सं. मन्त्रालयको नाम

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२. आन्तरिक मामिला तथा कानुन मन्त्रालय
३. आर्थिक मामिला मन्त्रालय
४. उद्योग, वाणिज्य, पर्यटन तथा सँस्कृति मन्त्रालय
५. कृषि तथा भूमिसुधार मन्त्रालय
६. जलस्रोत तथा सहरी विकास मन्त्रालय
७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
८. वन, वातावरण तथा सहकारी मन्त्रालय
९. शिक्षा, युवा तथा खेलकुद मन्त्रालय
१०. स्वास्थ्य, महिला तथा बालबालिका मन्त्रालय

३. मूल नियमावलीको अनुसूची -२ मा संशोधनः मूल नियमावलीको अनुसूची-२ को,-

(१) क्र.सं. ४ मा हेरफेरः

४. उद्योग, वाणिज्य, पर्यटन तथा सँस्कृति मन्त्रालय

(१) व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण,





(२) प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन,

(३) ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,

(४) नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता,

(५) व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन,

(६) खानी तथा खनीज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय,

(७) भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी,

(८) कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(९) उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन,

(१०) प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,

(११) औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन,

(१२) सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(१३) उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन,

(१४) मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन,

(१५) संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन,

(१६) उपभोक्ता अदालत गठन र सञ्चालन,

(१७) अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबिच समन्वय,

(१८) लक्षित क्षेत्र र वर्गका लागि बस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन,

(१९) करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,





(२०) संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन,

(२१) दामासाहिमा परेका उद्योग, व्यावसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(२२) प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,

(२३) प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन,

(२४) संघीय कानुन बमोजिम क्यासिनो तथा चिट्ठा दर्ता, अनुमति र नियमन,

(२५) प्रदेशभित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्द्धन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(२६) औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन,

(२७) उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग,

(२८) स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन,

(२९) प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, पूर्वाधार विकास प्रवर्द्धन र नियमन,

(३०) पर्यटक प्रहरी व्यवस्थापन,

(३१) पर्यटकीय होटल, रिर्सोट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाइड, र्‍याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन,

(३२) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल संरक्षण सम्बन्धी,

(३३) भाषा, लिपि सँस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(३४) ऐतिहासिक, धार्मिक, साँस्कृतिक र कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशस्तरका दरबाररहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,

(३५) प्रदेशस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन,

(३६) प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक साँस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, साँस्कृतिक धरोधर सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण,





(३७) धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन,

(३८) सँस्कृतिको विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन।

(२) क्र.सं. ५ मा हेरफेर:

५. कृषि तथा भूमिसुधार मन्त्रालय

(१) कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवम् महामारी नियन्त्रण,

(३) कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन,

(४) कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार,

(५) कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन,

(६) कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्वद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन,

(७) प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर सम्बन्धी,

(८) कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण,

(९) कृषि मल, बिउँ र विषादी आपूर्ति व्यवस्था र नियमन,

(१०) कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण,

(११) कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन,

(१२) कृषि तथा पशुपन्छी बिमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,

(१३) कृषि बजार, पूर्वाधार र कृषिफार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन,

(१४) राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,

(१५) सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रबर्द्धन,

(१६) चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,

(१७) कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादी र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन





तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन,

(१८) भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,

(१९) निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन,

(२०) जग्गादर्ता, रजिष्ट्रेसन, जग्गा धनी प्रमाण पुर्जा, दाखिला खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

(२१) संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन,

(२२) नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना,

(२३) क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन,

(२४) भूमिहीन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा लगायतका वर्गको बसोबास, जीविकोपार्जन र पुनःस्थापना

सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२५) सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(२६) गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय,

(२७) गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण।

(३) <u>क्र.सं. ६ मा हेरफेरः</u>

६. जलश्रोत तथा सहरी विकास मन्त्रालय

(१) प्रदेशस्तरको ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना तर्जुमा, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन,



खण्ड ८) अतिरिक्ताङ्क २, प्रदेश राजपत्र भाग २ मिति २०८१।०३।१६

(२) प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिँचाइ तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,

(३) ऊर्जा, विद्युत, सिँचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रर्वद्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,

(४) राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन,

(५) प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरू योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,

(६) प्रदेशभित्रको जलश्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,

(७) प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,

(८) प्रदेशभित्र भूस्खलन नियन्त्रण,

(९) मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,

(१०) जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन,

(११) प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन,

(१२) खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(१३) सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता,

(१४) प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन तथा नियमन,

(१५) प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार र आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्ग निर्देशन,

(१६) प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन,





(१७) प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन,

(१८) प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण,

(१९) सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन।

(४) <u>क्र.सं. ७ मा हेरफेर:</u>

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

(१) प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,

(२) प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, सवारी चालक अनुमति र नवीकरण,

(३) प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण एवम् अनुगमन तथा नियमन,

(४) वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन,

(५) प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन,

(६) रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता

अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,

(७) प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन।

(५) क्र.सं. ८ थपः

८. वन, वातावरण तथा सहकारी मन्त्रालय

(१) प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) वन्यजन्तु र वन पैदावर ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,

(३) वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक संग्रहालय व्यवस्थापन,

(४) प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन,

(५) हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन,

(६) जडीबुटी खेती प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन,





(७) वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह,

(८) वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग,

(९) प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति तर्जुमा र व्यवस्थापन,

(१०) प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट,

(११) प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन,

(१२) प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(१३) प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना,

(१४) प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार,

(१५) प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन,

(१६) प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी

तथा विद्युतीय लगायत प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण,

(१७) प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन,

(१८) प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन,

(१९) प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,

(२०) भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन,

(२१) संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण,

(२२) अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन,

(२३) वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बिउ उत्पादन, बिउबगैंचा स्थापना र व्यवस्थापन,

(२४) प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(२५) प्रदेशभित्र जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावर व्यवस्थापन,

(२६) वन्यजन्तु र चराचुरूङ्गी सम्बन्धी प्रादेशिक





नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(२७) प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, तथ्याङ्क संकलन, प्रशोधन, सर्वेक्षण, जनशक्ति विकास र उपयोग,

(२८) वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास,

(२९) विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन,

(३०) सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(३१) सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन,

(३२) सहकारी सम्वन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य,

(३३) सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन।

(६) <u>क्र.सं. ९ थपः</u>

९. शिक्षा, युवा तथा खेलकुद मन्त्रालय

(१) प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा

सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(२) शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,

(३) प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(४) प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन एवम् पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण,

(५) प्रदेशस्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,

(६) प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा सर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,

(७) माध्यमिक तहको परीक्षा व्यवस्थापन,

(८) प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,

(९) समाजकल्याण र संघसंस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन,

(१०) युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन,



खण्ड ८) अतिरिक्ताङ्क २, प्रदेश राजपत्र भाग २ मिति २०८१।०३।१६

(११) खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन,

(१२) खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन,

(१३) राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता,

(१४) लोपोन्मुख, सीमान्तकृत, गरिब लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,

(१५) सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

(१६) प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय,

(१७) रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(१८) श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन,

(१९) श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना,

(२०) औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरूपण,

(२१) कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन।

(७) क्र.सं. १० थप:

१०. स्वास्थ्य, महिला तथा बालबालिका मन्त्रालय

(१) स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) प्रदेशस्तरमा आवश्यक पर्ने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,

(३) स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन,

(४) प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,

(५) राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम् खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन अनुमति र नियमन,



खण्ड ८) अतिरिक्ताङ्क २, प्रदेश राजपत्र भाग २ मिति २०८१।०३।१६

(६) राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संघसंस्था तथा प्रयोगशालाको दर्ता, उद्योग दर्ता, अनुमति र नियमन,

(७) खानेपानी, ध्वनी र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

(८) राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,

(९) प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन,

(१०) औषधी निगरानी (Pharmacovigilance), औषधीको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण,

(११) खोप र परिवार नियोजन,

(१२) संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,

(१३) प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन, अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन र सूचना प्रवाह,

(१४) प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,

(१५) सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन,

(१६) स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,

(१७) सर्ने तथा नसर्ने रोग नियन्त्रण रोकथाम,

(१८) राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

(१९) स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,

(२०) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,

(२१) जनसंख्या, बसाइसराई र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क र समन्वय,





(२२) महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२३) लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय एवम् पुनःस्थापना,

(२४) महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान,

(२५) लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परिक्षण,

(२६) बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनःस्थापना,

(२७) प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिका र महिला सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन।

आज्ञाले,
शिवराम पोखरेल
प्रदेश सरकारको सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु.१५।-